# बेसीशहर नगरपालिकाको कानून तर्जुमा दिग्दर्शन,२०८२

कार्यपालिकावाट स्वीकृत मिति : कार्तिक १५, २०८२

बेसीशहर नगरपालिका
लमजुङ जिल्ला
गण्डकी प्रदेश

# बेसीशहर नगरपालिकाको कानून तर्जुमा दिग्दर्शन,२०८२

## परिच्छेद —१
## प्रारम्भिक

### १.१ सामान्य परिचयः

कानून तर्जुमाको कार्य तर्जुमा सम्बन्धी कामको अनुभव तथा यस सम्बन्धी लगावको आधारमा दक्षता हासिल गरिने विषय मानिएको पाइन्छ। कानून तर्जुमा सिपलाई एक थरीले कलाको रुपमा लिने गरेको पाइन्छ भने अर्को थरिले यसलाई विज्ञानको रुपमा पनि उल्लेख गर्ने गरेको पाइन्छ। कानून तर्जुमाको विषयमा पहिले पहिले कामको अनुभवबाट सिक्ने विषय रहेको भएपनि पछिल्लो समयमा यो विषय विश्वविद्यालयमा उच्चस्तरको अध्ययन अध्यापन गरिने विधाको रुपमा विकास भई सकेको छ।

नेपालको सन्दर्भमा विश्वविद्यालयहरुमा वेग्लै विधाको रुपमा कानून तर्जुमा सम्बन्धी विषयलाई अध्ययन अध्यापनको विषय बनाइ सकिएको अवस्था छैन। नेपालमा कानून तर्जुमाको विषय कामको अनुभव तथा विभिन्न निकायबाट सञ्चालन गरिने तालिम कार्यक्रम र कानून तर्जुमाको क्षेत्रमा काम गरेका व्यक्तिको अनुभवको आदान प्रदानबाट नयाँ पुस्तामा हस्तान्तरण हुँदै गएको विषयको रुपमा विकास भएको पाइन्छ। कानून तर्जुमाको विषयमा मुलुकको राजनीतिक, सामाजिक तथा आर्थिक अवस्था, कानून तथा न्याय प्रणाली आदिबाट प्रभावित हुने विषय भएकोले अध्ययनबाट सिकेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा यसको प्रयोगमा मिलान गर्ने कार्यमा नवोदित तर्जुमाकार वा कानून तर्जुमामा काम गर्न चहाने व्यक्तिको लागि चुनौतिको विषय हुन सक्छ। कानून तर्जुमा सम्बन्धी सैद्धान्तिक पक्ष तथा नेपालको अभ्यासको आधारमा नेपालमा कानून तर्जुमा गर्दाको चरण र प्रक्रियाको बारेमा मार्गदर्शन गर्न सहयोग पुर्याउनको लागि यो दिग्दर्शन तयार पारिएको छ।

यो दिग्दर्शन मुलतः स्थानीय तहको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४, नेपाल कानून व्याख्या सम्बन्धी ऐन, स्थानीय सरकार कार्यविभाजन नियमावली, नगरसभा सञ्चालन कार्यविधि र स्थानीय सरकारको कार्य सम्पादन नियमावली जस्ता अभ्यासलाई आधार बनाइ तयार गरिएको छ। त्यसैले यस दिग्दर्शनमा व्यवस्था भएका विषयहरु आफैमा नयाँ विषय नभई मौजुदा व्यवस्था र अभ्यासको एकीकृत रुप हो। स्थानीय तहहरुमा फरक फरक कानूनी व्यवस्था भएको अवस्थामा त्यस सम्बन्धी संघीय कानूनी व्यवस्था र प्रदेश कानूनहरुको अभ्यासहरुलाई आधार लिइएको छ।

### १.२ कानून तर्जुमा दिग्दर्शन उद्देश्य र प्रयोगको क्षेत्रः

बेसीशहर नगरपालिकामा कानून तर्जुमाका सामान्य मान्यता, नियम र प्रक्रिया व्यवस्थित गर्नु यस दिग्दर्शनको पहिलो उद्देश्य रहेको छ। त्यसै गरी कानून तर्जुमाको कार्य गर्ने पदाधिकारी, कर्मचारी तथा सरोकारवलाहरुका लागि कानून तर्जुमा सम्बन्धी प्रारम्भिक तथा प्राविधिक विषयवस्तुको बारेमा जानकारी दिनु यसको दोस्रो उद्देश्य रहेको छ। कानून तर्जुमाको क्षेत्रमा स्थानीय सरकारको विभिन्न महाशाखा/शाखा/उपशाखामा काम गर्ने नवोदित जनशक्तिको लागि यस दिग्दर्शनले कानून तर्जुमाका आधारभूत तथा प्राविधिक विषयमा जानकारी प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको छ। यसबाट स्थानीय तहको कानून तर्जुमामा एकरुपता कायम गर्न तथा बुझाइमा एकरुपता ल्याउन सहयोग पुग्ने विश्वास छ। यो दिग्दर्शन कानून तर्जुमाको क्षेत्रमा काम गर्ने, कानून तर्जुमाको बारेमा जानकारी राख्न चाहने

व्यक्ति तथा कानून निर्माणमा संलग्न हुने पदाधिकारीहरु तथा प्रत्यायोजित विधायिकी अधिकारीको प्रयोग गरी कानून तर्जुमा तथा निर्माणमा संलग्न हुने कानून बमोजिम स्थापना वा गठन भएका स्वायत्त संस्था, सहकारी संस्था, उपभोक्ता समितिका पदाधिकारीहरु तथा कानूनको तर्जुमाको विषयमा जानकारी राख्न चहाने जो सुकैको लागि समेत उपयोगी हुने छ।

## १.३ कानून निर्माण तथा तर्जुमा गर्ने निकायः

नेपालको संविधान बमोजिम नेपालको राज्य शक्तिको अधिकार संघ, प्रदेश र स्थानीय तह गरी तीनवटा तहमा बाँडफाँड गरिएको छ। स्थानीय सरकारको कानून निर्माणको अधिकार नगरसभाबाट प्रयोग हुने गरेको छ। नेपालको संविधान तथा ऐनले दिएको अधिकारको प्रयोग गरी स्थानीय तहको नगर कार्यपालिकाबाट प्रत्यायोजित अधिकारको प्रयोग गरी नियमावली, विनियमावली, आदेश, निर्देशिका वा कार्यविधि जस्ता नाममा कानूनको निर्माण हुने गर्दछ।

## १.४ कानूनको मस्यौदा तयार गर्दा विचार गर्नुपर्ने सामान्य सिद्धान्तहरुः

कानूनको मस्यौदा तर्जुमा गर्दा तर्जुमाको क्षेत्रमा विकास भएका सिद्वान्त तथा मान्यताहरुको विषयमा विचार गर्नु पर्छ। सैद्वान्तिक रुपमा प्रष्ट भएपछि तयार गरिने मस्यौदाले बढी स्पष्टता दिने तथा कानूनलाई सरल बनाई कार्यानवयन प्रभावकारी बनाउन सहयोग पुग्दछ। विधेयकको मस्यौदा तयार गर्दा विचार गर्नुपर्ने विषयहरु र नियमावली, निर्देशिका वा कार्यविधिको मस्यौदा तयार गर्दा विचार गर्नुपर्ने विषयहरु फरक फरक हुने भएपनि कानूनको मस्यौदा तयार गर्दा विचार गर्नुपर्ने केही महत्वपूर्ण सिद्वान्त तथा मान्यताहरुलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ।

### अ. संवैधानिक सर्वोच्चताः

लिखित संविधान भएका मुलुकले संविधानलाई मूल कानूनको रूपमा स्वीकार गर्ने गरेको पाइन्छ । साथै संविधानले राज्यका अङ्ग र निकाय समेतका काम, कर्तव्य र अधिकारको सीमाङ्कन गरेको हुन्छ । यसैले स्थानीय तहले व्यवस्थापिकीय अधिकार प्रयोग गरी कानून निर्माण गर्दा पनि संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई पालना गर्दै संविधानको सीमाभित्र रहेर कार्य सम्पादन गर्नुपर्छ ।सभाले बनाएको कुनै कानून संवैधानिक प्रावधान, यसको भावना र मर्म अनुकूल नभएको भन्ने प्रश्नमा सर्वोच्च अदालतले न्यायिक पुनरावलोकन गर्दछ।न्यायिक पुनरावलोकनको माध्यमबाट सर्वोच्च अदालतले विवादित कानूनको परीक्षण गर्दा संविधानको भावना र मर्म विपरीत बनेको देखिएमा कानून प्रारम्भ भएको वा सर्वोच्च अदालतबाट निर्णय भएको मितिदेखि नै लागू हुने गरी बदर गर्न सक्दछ । तसर्थ तर्जुमाकारले प्रस्तावित कानून संविधानको शब्द र भावना अनुकूल छ छैन भनी गम्भीरतापूर्वक अवलोकन गर्नुपर्छ । संविधानसँग बाझिने विषयवस्तुलाई मस्यौदामा उल्लेख गर्नबाट रोक्नु तर्जुमाकारको प्राथमिक जिम्मेवारी हो। साथै संविधानको व्याख्या गर्ने क्रममा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई पनि कानून तर्जुमाकारले ध्यान दिनुपर्छ।

**आ. कानूनको शासनः**

कानूनको शासन लोकतान्त्रिक शासन पद्धतिको प्रमुख विशेषता हो । कानूनभन्दा माथि कोही पनि हुन सक्दैन र कानूनका अगाडि सबै समान हुन्छन् । यसैले कानून बमोजिम मात्र शासन सञ्चालन गर्नु पर्छ भन्ने कानूनको शासनको प्रमुख अभिप्राय भएकाले कानून तर्जुमाकारले कानूनको शासनका मूलभूत अवधारणा, लक्ष्य र उद्देश्यलाई आत्मसाथ गर्नुपर्छ।

**इ. कानून र न्यायका सामान्य सिद्धान्तः**

कानून तर्जुमाकारले न्यायका सामान्य सिद्धान्त मन गर्नु पर्छ। कानून तर्जुमासँग सम्बद्ध कानून र न्यायका केही सामान्य सिद्धान्तलाई निम्नानुसारप्रस्तुत गरिएको छः

**क. गल्ती गर्ने पक्षले नै लाभ प्राप्त नगरोस्:**

गल्ती गर्ने पक्षले नै लाभ प्राप्त गर्न सक्ने गरी कानून तर्जुमा गर्नु हुँदैन ।

**ख. कसूर र सजायको भूतप्रभावी असर हुन नहुनेः**

तत्काल प्रचलित कानूनले कसूर घोषणा गरे बाहेकका काम कारवाहीलाई भूतप्रभावी असर दिने गरी कसूरको घोषणा र सजाय हुने गरी कानून तर्जुमा गर्नु हुँदैन।

**ग. मनसाय र कार्य दुवैबाट कसूर प्रमाणित हुनु पर्नेः**

खास गरी कसूरको घोषणा गर्ने र फौजदारी दायित्व निर्धारण गर्न बनाइने कानूनको तर्जुमा गर्दा मनसाय र कार्य दुबैबाट मात्र कसूर कायम हुन्छ भन्ने कानून र न्यायको सामान्य सिद्दान्तलाई सावधानिपूर्वक विचार गर्नु पर्दछ। तर निरपेक्ष दायित्वका सम्बन्धमा भने कार्यबाट पनि कसूर कायम हुनसक्ने तर्फ ध्यान दिनुपर्दछ।

**ई. परिपक्वताः**

कानूनको तर्जुमा गर्दा नीतिगत र सारवान विषयवस्तुमा उठाइएका जिज्ञासामा तर्कपूर्ण र सन्तोषजनक जवाफ प्राप्त हुन नआएमा त्यस्तो मस्यौदालाई थप छलफल गरी परिपक्व बनाउनु पर्छ ।

**उ. ऐन र नियममा राख्ने विषयमा स्पष्टताः**

कानून तर्जुमा गर्दा कुन कुन विषय ऐनमा राख्नुपर्ने हो र कुन कुन विषय नियममा राख्नुपर्ने हो सो विषयमा स्पष्ट हुनु पर्छ ।

**ऊ. मुलुकको न्याय प्रणाली र राजनीतिक, आर्थिक तथा सामाजिक अवस्थाः**

कानूनको तर्जुमा गर्दा सम्बन्धित मुलुकले अवलम्बन गरेको न्याय प्रणालीको बारेमा पनि विचार गर्नुपर्ने हुन्छ। अदालतको क्षेत्राधिकार, कार्यविधि तथा न्यायिक प्रक्रियाको बारेमा जानकार हुनुपर्छ। मुलुकको राजनीतिक व्यवस्था, आर्थिक तथा सामाजिक व्यवस्था बमोजिम कानूनको विषयवस्तु तथा कार्यान्वयनको संयन्त्रको व्यवस्था गर्नुपर्ने हुन्छ। कतिपय विषयमा कसूर तथा सजायको व्यवस्था गर्दा मुलुकको आर्थिक तथा सामाजिक परम्परा तथा अभ्यासलाई समेत

गम्भिरतापूर्वक विचार गर्नु पर्दछ। कुनै कार्यलाई फौजदारी कसूरको रुपमा कायम गर्ने र सजायको व्यवस्था गर्ने विषय संघीय/प्रदेश कानूनबाट व्यवस्थित हुने विषय भएकोले स्थानीय सरकारले बनाउने कानूनमा प्रशासनिक दण्ड जरिवानाका व्यवस्था गर्नुपर्ने हुन्छ। मानव अधिकारका मूल्य मान्यताका प्रतिकुल नहुने कतिपय सामाजिक तथा साँस्कृतिक परम्परा र अभ्यासलाई कानून निर्माण गरेर एकैपटक परिवर्तन गर्न खोज्दा त्यसको विरोध हुन सक्ने तथा मस्यौदाले कानूनी रुप लिन नसकि तर्जुमाको काम निरर्थक हुन सक्ने अवस्था आउन सक्छ। त्यसै गरी कानूनको व्यवस्था गर्दा त्यस्तो कानूनबाट प्रभावित हुने समाज वा समुदायको शैक्षिक अवस्था, सेवा प्रतिको जानकारी तथा सेवा प्रवाहको अवस्था, राज्यको तर्फबाट गरिने लगानी, कानून कार्यान्वयन गर्ने निकायको सोच तथा प्रशासकीय क्षमता समेतलाई विचार गरी उपयुक्त र सुहाउँदो व्यवस्था राख्नु पर्छ ।

## १.५ कानून तर्जुमाकारको सन्दर्भ सामग्रीहरुः

बेसीशहर नगरपालिकाको कानून तर्जुमा गर्दा देहायका बमोजिमका आधारभूत सन्दर्भ सामग्रीहरु अध्ययन गर्नु पर्दछः

- नेपालको संविधान
- मुलुकको संवैधानिक र कानूनी इतिहास तथा विभिन्न संवैधानिक एवं कानूनी पद्धति सम्बन्धी पुस्तक
- सम्बद्ध विषयमा राज्यले अवलम्बन गरेका तथा सरकारबाट स्वीकृत नीतिहरूतर्जुमा गर्न लागेको विषयसँग सम्बद्ध विभिन्न लेख तथा पुस्तक,
- सर्वोच्च अदालत, अन्तर्राष्ट्रिय न्यायालय तथा अन्य विदेशी अदालतबाट सम्बन्धित विषयमा भएका फैसला,
- सम्बद्ध कानूनको अवधारणा, उत्पत्ति, विकास, यसको प्रयोग र विद्यमान अवस्थाको बारेमा जानकारी दिने वेभसाइट,
- सम्बन्धित विषय सँग सम्भन्धित संघीय, प्रादेशिक तथा छिमेकी स्थानिय तहहरुको कानून
- नेपाल राजपत्र,
- कानून र न्यायसँग सम्बन्धित पुस्तक,
- संघ, प्रदेश, यस नगरपालिकाको कानून तर्जुमा दिग्दर्शन,
- कानूनी, नेपाली तथा अन्य शब्दकोष,
- नजिर संग्रह,
- व्याकरण सम्बन्धी पुस्तक,

## १.६ कानूनको मस्यौदा गर्दा विचार गर्नु पर्ने महत्वपूर्ण कानूनी व्यवस्थाहरुः

### (क) नेपालको संविधान

कुनै पनि कानूनको मस्यौदा तर्जुमा गर्दा संवैधानिक व्यवस्थाको आधारमा गर्नु पर्छ। नेपालको संविधान मूल कानून भएकाले संविधानसँग बाझिने गरी अरु कानूनको मस्यौदा तयार गर्न मिल्दैन। नेपालको संविधानले व्यवस्था गरेका मौलिक हकहरुलाई संविधानले नै मनासिव रुपमा संकुचन गर्न वा प्रतिवन्ध लगाउन सकिने गरी व्यवस्था गरेको अवस्थामा बाहेक अन्य कुनै पनि आधारमा सिमांकन, कटौति वा कमी गर्ने गरी कानूनको मस्यौदा तयार गर्न मिल्दैन। स्थानीय

तहले कुनै पनि कानूनको मस्यौदा तयार गर्दा आफ्नो अधिकारमा पर्ने हो होइन सो विषयमा विचार गर्नु पर्ने हुन्छ। आफ्नो अधिकारको सूचीमा नपर्ने विषयमा कानून बनाउँदा त्यस्तो कानूनको बैधानिकतामा प्रश्न उठ्न सक्छ। राजनीतिक दललाई प्रतिवन्ध लगाउने गरी वा कुनै एकै किसिमको राजनितिक विचारधारा वा किसिम वा दर्शनकाले मात्र निर्वाचनमा भाग लिन पाउने गरी वा मृत्युदण्ड दिने गरी कानून बनाउनको लागि संविधानले नै रोक लगाएको छ।यसको साथै एक वर्ष भन्दा बढी कैद सजाय हुने कसूरमा अदालत बाहेक अन्य निकायबाट मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने गरी कानूनमा व्यवस्था गर्न सकिदैन।साथै स्थानीय तहको व्यवस्थापन विधि र नेपालको संविधानले अंगिकार गरेको समन्वय, सहकारीता र पारस्परिक सहयोगको सिद्धान्तलाई समेत विचार गर्नु पर्ने हुन्छ।

**(ख) नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०**

कानूनको मस्यौदा तयार गर्दा विचार गर्नु पर्ने अर्को महत्वपूर्ण कानून नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० हो। यो ऐन नेपालको कानून व्याख्याको सन्दर्भमा प्रयोग हुने भएकोले कुनै कानूनको मस्यौदा गर्दाको अवस्थामा प्रयोग गरिने शब्दहरु, कानूनको मस्यौदामा रहने अन्य व्यवस्थालाई कानून व्याख्या सम्बन्धी ऐनको आधारमा ब्याख्या गर्दा लाग्ने अर्थ समेतलाई विचार गर्नु पर्ने हुन्छ। कानूनको प्रारम्भ तथा खारेजी तथा बचाउको परिणाम जस्ता विषयमा समेत कानून व्याख्या सम्बन्धी ऐनमा व्यवस्था रहेको सन्दर्भमा सो ऐनलाई समेत विचार गरी कानूनका मस्यौदा तर्जुमा गर्नुपर्दछ ।

**(ग) बेसीशहर नगरपालिका (कार्यसम्पादन) नियमावली**

बेसीशहर नगरपालिकाको कार्यसम्पादन नियमावलीबाट विधेयक, नियमावली, आदेश, निर्देशिका वा कार्यविधिको तर्जुमा प्रक्रियाको बारेका निर्णय गर्ने तह तथा मस्यौदामा सहमति लिनु पर्ने निकायहरुको विषयमा जानकारी हासिल गर्न सकिन्छ। यसबाट कानून तर्जुमाको प्रक्रियाको बारेमा जानकारी प्राप्त हुने भएकोले सो विषयमा समेत तर्जुमाकारले ध्यान पुयाउनु पर्छ ।

**(घ) बेसीशहर नगरपालिका (कार्यविभाजन) नियमावली**

बेसीशहर नगरपालिकाको (कार्य विभाजन) नियमावलीले कुन विषय कसको कार्यक्षेत्रमा पर्ने वा कुन विषयको कानूनको मस्यौदा तर्जुमाको प्रारम्भ कुन निकायबाट गर्ने भन्ने विषयलाई निर्धारण गर्न सहयोग गर्दछ। यस नियमावलीले अन्य निकायको कार्यक्षेत्र पनि आकर्षित हुने अवस्थामा त्यस्ता निकायको सहमति लिनु पर्ने नपर्ने जस्ता कानून तर्जुमाका प्रक्रियागत व्यवस्थाको बारेमा व्यवस्था गर्ने हुनाले कानूनको मस्यौदा तर्जुमा गर्दा सो विषयलाई समेत विचार गर्नुपर्ने हुन्छ ।

**(ङ) सार्वजनिक लिखत प्रमाणीकरण ऐन**

कानून तर्जुमाको क्षेत्रमा काम गर्ने व्यक्तिले मस्यौदाको तर्जुमा गर्दा सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी ऐन तथा नियमावलीको व्यवस्थामा पनि जानकारी राख्नु पर्दछ। यस ऐनबाट विधेयक, नियमावली जस्ता कानूनका लिखतको प्रमाणीकरण तथा प्रकाशनको विषयमा जानकारी प्राप्त गर्न सकिन्छ। त्यसै गरी प्रमाणीकरणको कार्यको लागि के कस्तो तयारी कसले गर्ने, दस्तखत वा प्रमाणीत गर्नु पर्ने अधिकारी, आवश्यक पर्ने प्रति जस्ता प्राविधिक विषयमा जानकारी प्राप्त गरी कानून तर्जुमाको प्रक्रियागत तथा प्राविधिक विषयमा जानकारी हासिल गर्न सकिन्छ।

**(च) मुलुकी संहिताहरु**

देवानी विषयका आधारभूत सिद्धान्तहरु समेत व्यवस्था गर्दै सो संहिताले प्राकृतिक व्यक्ति तथा कानूनी व्यक्तिको बारेमा विस्तृत व्यवस्था गरेको छ। यस संहिताबाट अपुताली खुला भएमा हकवालाको क्रम निर्धारण गर्ने, संरक्षकत्वं तथा माथवरको व्यवस्था लगायतका विभिन्न कानूनी व्यवस्था गरेको सन्दर्भमा यसबाट गरिएका व्यवस्थाको विचार गरी अन्य कानूनका मस्यौदा तर्जुमा गर्दा अनावश्यक रुपमा एकै कुरा दोहोराउनु पर्दैन। मस्यौदा चुस्त, छरितो तथा सामान्य कानूनसँग सौहार्दपूर्ण समेत बनाई कार्यान्वयनमा सहज हुने हुन्छ। त्यसै गरी मुलुकी अपराध संहिता, २०७४ बाट व्यवस्था भएका विषयमा पनि मस्यौदा तयार गर्दा दोहोरो नपर्ने गरी गर्नु पर्छ।

**(छ) न्याय प्रशासन सम्बन्धी ऐन, २०७३**

न्याय प्रशासन सम्बन्धी ऐन, २०७३ कानूनको मस्यौदा तर्जुमा गर्दा विचार गर्नु पर्ने अर्को महत्वपूर्ण कानून हो। यस ऐनबाट अदालतको शुरु क्षेत्राधिकार तथा पुनरावेदकीय क्षेत्राधिकारको बारेमा व्यवस्था गरको छ। यसबाट मस्यौदा गरिने कानूनमा मुद्दाको शुरु कारबाही र किनारा गर्ने अदालतको बारेमा बेग्लै उल्लेख गर्ने वा सो विषयमा मौन बसि स्वतः जिल्ला अदालतको अधिकारक्षेत्रमा पर्ने व्यवस्था गर्ने भन्ने जस्ता विषयको मस्यौदाको लागि आधार प्रदान गर्दछ ।

**(ज) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७**

स्थानीय कानून निर्माणको सन्दर्भमा विचार गर्नु पर्ने अर्को सबैभन्दा महत्वपूर्ण कानूनी व्यवस्थाको रुपमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ रहेको छ। यस ऐनबाट संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका आधारहरु निर्धारण गरिएको हुँदा स्थानीय कानूनको निर्माणको सन्दर्भमा त्यस्ता आधारलाई समेत विचार गर्नु पर्छ। स्थानीय सरकारले कानून निर्माण गर्दा संघ र स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने, संघीय कानूनसँग बाझिने व्यवस्था नगर्ने, राष्ट्रिय नीति तथा प्राथमिकतालाई कार्यान्वयन गर्न सहयोग गर्ने गरी कानून बनाउने, मौलिक हक, संवैधानिक हक वा संघीय कानून प्रदत्त हकमा प्रतिवन्ध लगाउने वा सीमा तोक्ने गरी कानून नबनाउने समेतमा यो ऐनबाट व्यवस्था गरिएका विषयमा विचार गर्नु पर्ने हुन्छ। स्थानीय सरकारबाट सञ्चालन वा प्रशासन हुने विषयमा कानून निर्माण गर्दा प्रशासकिय दण्ड जरिबानासम्मको व्यवस्था गर्न सकिने हुन्छ। कुनै कार्यलाई फौजदारी कसूरको रुपमा कायम गर्ने र सजायको व्यवस्था गर्ने विषय संघीय कानूनको विषय रहेकोले सो हुने गरी स्थानीय कानून निर्माण गर्न सकिदैन। त्यसै गरी कानूनको प्रकाशन तथा अभिलेख लगायतका कानून निर्माणसँग सम्बन्धित विषयमा यो ऐनको व्यवस्थालाई विचार गर्नु पर्छ।

### १.७ कानून तर्जुमाको लागि नीति वा तर्जुमा सम्बन्धी निर्देशन (Drafting Instructions)

कानूनको मस्यौदा तर्जुमा गर्न भन्दा पहिले त्यस्तो मस्यौदाको अन्तरनिहित नीतिको विषयमा प्रष्ट हुनु आवश्यक छ। कुन उद्देश्य प्राप्तिको लागि कानून निर्माण गरिदैछ र त्यस्तो उद्देश्य प्राप्तिको लागि कस्ता माध्यम वा उपायहरुको अवलम्बन गर्ने र कसरी उद्देश्य प्राप्ति गर्ने भन्ने विषयमा नीतिगत रुपमा स्पष्ट भएपछि तयार गरिने कानूनको मस्यौदा प्रष्ट सरल र कार्यान्वयन गर्न सहज हुन्छ।

कानूनको मस्यौदाकारलाई मस्यौदा गर्न उपलब्ध गराईने नीतिगत निर्देशनलाई कानून तर्जुमाको आधारको रुपमा लिने गरिन्छ। नीति कानून तर्जुमाको कच्चा पदार्थ हो र विधेयक नीतिको ऐना हो भनिन्छ। मस्यौदाकारले सरकारको नीतिलाई कार्यान्वयन हुने कानूनको भाषा र संरचनामा मस्यौदा तयार गर्नुपर्छ। तर्जुमाको लागि नीतिगत निर्देशन दिंदाको अवस्थामा समस्या के हो ? के कारणबाट समस्या आएको हो ? समस्या समाधानको लागि के कस्ता प्रयासहरु भए? समाधानका प्रयासहरु किन र कति हदसम्म सफल भएनन् भन्ने जस्ता प्रश्नहरुको बारेमा संक्षिप्त र प्रष्ट रुपमा खुलाएको हुनु पर्ने मानिन्छ। नेपालमा यस्तो प्रकारको निर्देशन दिने अभ्यास छैन तापनि २०७१ सालको भदौ पछि सैद्धान्तिक सहमतिको लागि तयार गरिने अवधारणापत्रलाई यस्तो निर्देशनको रुपमा पनि लिने गरिएकोछ। कतिपय अवस्थामा सरकारले पहिले सम्बन्धित विषयमा नीति जारी गर्ने र त्यस्तो नीतिको अधिनमा रहेर मस्यौदा तर्जुमा गर्ने पनि गरिन्छ।

### १.८ नीति कार्यान्वयनको लागि विकल्पको छनौट तथा अन्तिम विकल्प कानूनको निर्माण

कानून निर्माणको काम समय लाग्ने, झण्झटिलो तथा खर्चिलो कार्य मानिन्छ। सरकारका नीति तथा कार्यक्रमबाट कार्यान्वयन गर्न सकिने विषय वा कानूनको अभावमा पनि कार्यान्वयन हुन सक्ने विषयको लागि कानून निर्माणको माध्यमबाट कार्यान्वयन गर्ने तर्फ लाग्नु उचित हुँदैन। कुनै विषयमा नियमन गर्ने, कुनै कार्य गर्न अनुमतिपत्र लिनु पर्ने गरी व्यवस्था गर्ने, नागरिकको हक अधिकारमा असर पार्ने, कर लगाउने र उठाउने, कसूर निर्धारण गर्ने सजाय गर्ने जस्ता विषयमा ऐनबाटै व्यवस्था गर्नु पर्ने हुन्छ। त्यसैले कुनै विषयमा कानूनको मस्यौदा तर्जुमा शुरु गर्नु भन्दा अघि कानून निर्माण नगरी नै त्यस्तो विषय कार्यान्वयन गर्न सकिने हो होईन? त्यस्तो समस्या कानूनको निर्माण विनानै समाधान हुन सक्छ सक्दैन? भन्ने विकल्पको बारेमा विचार गर्नु पर्छ। अन्य उपयुक्त विकल्प भएसम्म कानून निर्माण तर्फको विकल्प रोज्नु राम्रो मानिदैन।

## परिच्छेद- २
## कानून तर्जुमा प्रक्रिया

### २.१ सैद्धान्तिक सहमतिः

बेसीशहर नगरपालिकाको स्थानीय कानून तर्जुमा गर्न नगर कार्यपालिकाबाट सैद्धान्तिक स्वीकृति लिनुपर्नेछ। सैद्धान्तिक स्वीकृतिका लागि सम्बन्धित विषयगत शाखाले प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका बैठकमा अवधाराणापत्र पेश गर्नुपर्नेछ। तर कार्यपालिका बैठक तुरुन्त बस्ने अवस्था नरहेमा नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डको हकमा नगर प्रमुख स्तरको निर्णयले कानून तर्जुमा प्रक्रिया अगाडि बढाउने सैद्धान्तिक स्वीकृति प्रदान गर्न बाधा पुगेको मानिने छैन। तर उक्त कानून पारित गर्न नगर कार्यपालिकामा नै पेश गर्नुपर्नेछ। सैद्धान्तिक सहमति लिनु पूर्व देहायबमोजिमको विषयवस्तु समावेश गरी अवधारणापत्रको तयारी गर्नु पर्नेछ।

### २.२. अवधारणापत्रको तयारी :

कानूनको मस्यौदा तर्जुमा गर्नु पूर्व यसका विविध पक्षको अध्ययन तथा विश्लेषण गरी नयाँ कानूनको आवश्यकताका आधार, कारण, मस्यौदा तर्जुमा गर्दा अवलम्बन गर्ने नीति तथा कार्यान्वयनको लागि लाग्ने अनुमानित खर्च तथा आवश्यक संयन्त्र समेतको अध्ययन सहितको अवधारणापत्र जुन शाखाको

कार्यक्षेत्रभित्र पर्दछ सोही शाखाले तयार गरी विषयगत समितिमा छलफल गरे पश्चात प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ। अवधारणापत्रको ढाँचा अनुसूची - १ बमोजिम हुनेछ र उक्त अवधारणापत्र तयार गर्दा देहाय बमोजिमका विषयहरु मध्यनजर गर्नुपर्नेछ।

**क. कानून तर्जुमा गर्नु पर्ने आवश्यकताः**

कुनै विषयमा कानूनी व्यवस्थाको अभाव भएर वा कुनै नयाँ समस्याको सम्बोधनको लागि कानुनमा नै व्यवस्था गर्नु पर्ने भएर वा मौजुदा कानून भएपनि त्यो कानून कुनै समस्या सम्बोधन गर्न पर्याप्त नभएको र त्यसमा संशोधन गरेर पनि समस्याको सम्बोधन हुन नसक्ने अवस्था जस्ता कारणबाट नयाँ कानूनको मस्यौदा गर्नु पर्ने आवश्यकताको सृजना हुन सक्छ। के कारणबाट नयाँ कानूनको आवश्यकता पर्न गएको हो यस शीर्षक अन्तर्गत प्रष्ट रुपमा खुल्ने गरी अवधारणापत्र तयार गर्नु पर्दछ।नगरपालिकाले प्रचलित नेपालको संविधान र कानून बमोजिम प्रवाह गर्नुपर्ने सेवा, नियमन तथा व्यवस्थापकीय दायित्वका सम्बन्धमा कानून निर्माण गर्न वा संशोधन गर्न सम्बन्धित शाखा, विषयगत समिति, जनप्रतिनिधि, कर्मचारी वा सेवाग्राहीहरुबाट आवश्यकताको पहिचान गर्नेछ।

**अ. संवैधानिक कारण**

- नेपालको संविधानको कुनै व्यवस्था कार्यान्वयनको लागि कानून बनाउने व्यवस्था गरेको कारणबाट त्यस्तो विधेयक तर्जुमा गर्नु पर्ने भएकोमा सो को विस्तृत व्यहोरा,
- बनाइने कानूनले कानूनको शासन तथा मानव अधिकारको प्रवर्द्धनमा गर्ने योगदान त्यसबाट मौलिक हकको कार्यान्वयनमा पर्ने प्रभावको उल्लेखन तथा विश्लेषण,
- बनाउनु पर्ने कानून स्थानीय सरकारको अधिकारको सूचीमा रहेको विषय हो होइन, अधिकारको सूचीमा रहेको भए त्यस विषयमा संघीय कानून र प्रदेश कानूनबाट आधार र मापदण्ड निर्धारण हुनु पर्ने प्रकृतिको हो होइन, सो विषयमा संघीय कानून बनेको छ छैन सो कुराको विश्लेषण,
- कानून निर्माण गरिने विषयमा नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा गरिएको व्यवस्था,
- संविधानको अन्य विभिन्न धारामा गरिएको व्यवस्था र त्यसको विश्लेषण,
- प्रस्तावित कानूनको व्यवस्थाबाट संविधानले गरेको कुनै व्यवस्थामा प्रभाव पार्ने वा कुनै व्यवस्थासँग सान्दर्भिक रहेकोमा त्यसको सम्बन्ध र प्रभावको विश्लेषण,
- संविधानले अंगिकार गरेका अन्य व्यवस्थाको कार्यान्वयनमा पुग्ने सहयोग ।

**आ. अदालतको आदेश**

- अदालतबाट कानून बनाउनु पर्ने विषयमा प्रदेश सरकारको नाममा कुनै निर्देशनात्मक आदेश जारी भएको भएमा त्यस्तो मुद्दाका पक्षहरु, आदेश जारी मिति तथा आदेशको संक्षिप्त व्यहोरा,
- अदालतले कुनै कानूनको प्रयोगको सन्दर्भमा यस्तो कानून सुधार तथा निमार्णको सम्बन्धमा कुनै व्याख्या वा नजीर कायम गरेको भएमा सो व्यहोरा र विधेयकको व्यवस्थासँगको सान्दर्भिकता
- यस सम्बन्धमा आवश्यक देखिएको अन्य विषयहरु ।

**इ. स्थानीय सरकारको नीति तथा कार्यक्रम**

- विधेयक बनाउने विषयमा स्थानीय सरकारले स्वीकृत गरेको कुनै नीतिमा उल्लेख भएकोमा सो नीतिको उल्लेखन तथा व्यवस्थाको विश्लेषण,
- विधेयक निर्माण गर्नु पर्ने विषयमा स्थानीय सरकारको आवधिक योजनामा भएको व्यवस्थाको उल्लेखन तथा विश्लेषण,
- विधेयक निर्माण गर्नु पर्ने विषयमा स्थानीय सरकारले नगर सभामा पेश गरेको नीति तथा कार्यक्रममा व्यवस्था भएकोमा त्यस्तो नीति तथा कार्यक्रमको उल्लेखन तथा विश्लेषण,
- विधेयक निर्माण गर्नु पर्ने विषयमा स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भएकोमा त्यसको उल्लेखन तथा विश्लेषण,
- विधेयक निर्माण गर्नु पर्ने विषयमा स्थानीय सरकार, प्रदेश सरकार वा मन्त्रालयले स्वीकृत गरेको कार्ययोजना, रणनीति वा यस्तै अन्य लिखत भएमा त्यसको उल्लेखन तथा विश्लेषण,
- यस सम्बन्धमा आवश्यक देखिएका अन्य विषयहरु ।

**ई. अन्य कुनै कारण**

- कुनै आयोग वा निकायले तयार गरेको वार्षिक प्रतिवेदनमा विधेयकको आवश्यकता सम्बन्धमा कुनै कुरा उल्लेख भएकोमा त्यस्तो विषय,
- नगर सभा वा यसका समितिबाट विधेयकको विषयमा कुनै निर्देशन जारी भएको भएमा त्यस्तो निर्देशनको व्यहोरा र विश्लेषण,
- स्थानीय सरकारले गठन गरेको कुनै आयोग, समिति, कार्यदल वा कार्यटोलिले विधेयकको विषयमा कुनै सिफारिस गरेको भए त्यस्तो सिफारिसको व्यहोरा,
- स्थानीय सरकारले गठन गरेका नीति तथा योजना आयोग जस्ता आयोग वा निकायबाट कुनै सिफारिस भएको भए सो व्यहोरा,
- विधेयकबाट प्रस्ताव गरिने कानूनको आवश्यकताको विषयमा सरोकारवाला निकाय वा अन्य कुनै निकायबाट कुनै प्रस्ताव वा घोषणापत्र पारित भएको वा जारी भएको भएमा त्यस्तो विषय वा कुनै मागपत्र पेश भएकोमा त्यस्तो विषय,

**उ. प्रस्ताव गरिएको ऐनबाट हासिल गर्न खोजिएका उपलब्धीहरुः**

- कुनै समस्या वा विषयको सम्बोधनमा हासिल हुने उपलब्धि, व्यावसायिक वातावरणमा पार्ने सकारात्मक प्रभावको विश्लेषण,
- सुशासन तथा सेवा प्रवाहको विषयमा हासिल हुने उपलब्धि, विकास निर्माणको क्षेत्रमा हासिल हुने उपलब्धि,
- आम जनताले प्राप्त गर्ने सेवा सुविधाको विषयमा हासिल हुने उपलब्धि,
- मानव अधिकार तथा समावेशीताको क्षेत्रमा हासिल हुने उपलब्धि,
- दिगो विकासको लक्ष्य प्राप्तिमा हासिल हुने उपलब्धि,
- आर्थिक तथा सामाजिक विकासमा हासिल हुने उपलब्धि,
- अन्य विषयमा हासिल हुने उपलब्धि ।
-

**ऊ. प्रस्तावित विषयमा मौजुदा कानून (ऐन, नियम, आदेश) भएमा सोको विवरण**

- मौजुदा ऐन भएमा ऐनको नाम तथा मुख्य मुख्य व्यवस्था,

- प्रस्तावित विषयमा अन्य ऐनमा छरिएर रहेको व्यवस्था भएमा त्यस्ता ऐनको मुख्य मुख्य व्यवस्था र विधेयकसंगको अन्तर सम्बन्ध,
- नियमावलीमा व्यवस्था भएकोमा त्यस्तो नियमावलीको नाम तथा मुख्य मुख्य व्यवस्था,
- अन्य आदेश वा निर्देशिका वा कार्यविधि भएकोमा त्यसको नाम तथा मुख्य मुख्य व्यवस्था,
- अदालतबाट जारी भएको आदेश वा फैसला भए सो सम्बन्धी व्यहोरा ।

**ए. मौजुदा कानूनमा संशोधन गरी वाञ्छित उपलब्धी हासिल हुन नसक्ने भएमा सोको कारणहरुः**

- मौजुदा ऐन र प्रस्तावित विधेयकको व्यवस्थामा गरिने फरक व्यवस्थाको तुलनात्मक विश्लेषण,
- मौजुदा ऐनको संशोधनबाट उपलब्धि हासिल हुन नसक्ने कारणहरु,
- यस सम्बन्धी अन्य आवश्यक विषयहरु ।

## २.३. मस्यौदा समिति सम्बन्धि व्यवस्थाः

(१) स्थानीय कानून तर्जुमा गर्न दफा २.१ बमोजिम सैद्धान्तिक स्वीकृति प्राप्त भइसकेपछि कानून मस्यौदा तर्जुमाको लागि देहाय बमोजिम मस्यौदा तर्जुमा समितिको गठन हुनेछः-

क. प्रमुख प्रशासकिय अधिकृत - संयोजक
ख. सम्बन्धित विषयगत समितिको प्रमुख - सदस्य
ग. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
घ. नगरपालिकाको कानुन अधिकृत/ विज्ञ -१ जना सदस्य
ङ. सम्बन्धित विषयगत शाखा प्रमुख - सदस्य सचिव

(२) समितिमा अन्य सरोकारवाला निकायका प्रतिनिधि, सहजीकरण गर्ने सहायकस्तरका कर्मचारीहरुलाई समेत मस्यौदा समितिमा आवश्यकताअनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) मस्यौदा समितिका सदस्यहरुलाई कार्यालय समयभन्दा बाहिरको समयमा भएको बैठकमा बैठक भत्ता तथा खाजा/खानाको सुविधा प्रदान गरिनेछ।

(४) परामर्शदातामार्फत मस्यौदा तयारी गर्न सकिनेः- नगरपालिकाभित्र कार्यरत जनशक्तिको कार्यचाप, प्राविधिक विषय तथा बाह्य स्रोत व्यक्ति विज्ञहरुको विज्ञता उपयोग गरी तर्जुमा गर्नुपर्ने भएमा नगरपालिकाले सार्वजनिक खरिद कानून बमोजिमको प्रकृया पुरा गरी परामर्शदाता मार्फत मस्यौदा तयार गर्न सक्नेछ।

(५) परामर्शदाता मार्फत मस्यौदा तयारी गर्दा परामर्शदाता टिममा कानूनविद्, स्थानीय शासनविद् विषयक्षेत्रमा अनुभवी, विज्ञ तथा सार्वजनिक प्रशासनका क्षेत्रमा काम गरेका विज्ञहरुको टोली हुनुपर्नेछ।

## २.४. मस्यौदा समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

- विषयसगँ सम्वन्धित संघिय तथा प्रादेशिक कानून तथा अधिकार क्षेत्रको अध्ययन गर्ने,
- सरोकारवाला निकाय, नगरपालिकाका सम्बन्धित शाखासगँ समन्वय छलफल गरी सुझाव ग्रहण गर्ने,
- समितिका पदाधिकारीहरु बीच कार्य जिम्मेवारी बाडफाँड गरी मस्यौदा तयार गर्ने,
- सम्बन्धित कानूनहरुको लम्बिय क्षितिजीय र संघीय प्रादेशिक अन्य स्थानिय तहमा निर्मित कानूनहरुको अध्ययन गर्ने,

- आवश्यकता अनुसार अन्य स्थानीय तहहरुमा निर्मित कानूनहरुको अध्ययन गर्ने विषयगत समिति, नगर प्रमुख, उपप्रमुख र कार्यपालिका सदस्यहरुसँग छलफल र समन्वय गर्ने पृष्ठपोषण लिने।
- अन्तिम मस्यौदा तयार गरी विधायन समितिमा पेश गर्ने।
- प्रस्तुत विषयमा अन्य स्थानीय तहमा कुनै कानून बनेको वा संघीय, प्रदेश सरकार वा कुनै गैरसरकारी संस्थाले नमूना कानून बनाएको भए सो कानूनलाई समेत मध्यनजर गर्नुपर्ने ।

### २.५. मस्यौदा समितिले मध्यनजर गर्नु पर्ने कुराहरुः

मस्यौदा समितिले कानूनको मस्यौदा तयार गर्दा परिच्छेद १ मा उल्लेख गरिएका विषयको अतिरिक्त देहायका विषयहरुलाई मध्यनजर गर्नु पर्नेछः

- अध्ययन गर्ने निकायको नाम, अध्ययन गरेको अवधि तथा अध्ययनको विषय,
- अध्ययनको संक्षिप्त विवरण तथा सिफारिसको व्यहोरा,
- एक भन्दा बढी अध्ययन भएकोमा त्यस्ता सबै अध्ययनका सुझावहरु संक्षेपमा,
- प्रस्तावित कानून कार्यान्वयनका लागि पर्न सक्ने आर्थिक व्ययभार,
- प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने,

### २.६. विधायन समितिमा पेश गर्नु पर्नेः

नगरकार्यपालिकाबाट सैद्धान्तिक स्वीकृति प्राप्त भई दफा २.३ को मस्यौदा तयारी समितिबाट मस्यौदा तयारी भैसके पछि उक्त मस्यौदा विधायन समितिमा पेश गर्नु पर्नेछ।प्राप्त मस्यौदा उपर समितिमा छलफल गरी आवस्यकता अनुसार संशोधन समेत गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

### २.७. नगर कार्यपालिका र नगर सभाबाट कानूनको स्वीकृतिः

(१) दफा २.६ बमोजिम कार्यपालिकामा पेश भएको कानूनको मस्यौदाका सम्बन्धमा ऐनको मस्यौदा भए कार्यपालिकाबाट पारित गरी स्वीकृतिका लागि सभा समक्ष पेश गर्नु पर्नेछ।

(२) दफा २.६ बमोजिम कार्यपालिकामा पेश भएको कानूनको मस्यौदाका सम्बन्धमा ऐन बाहेकका मस्यौदा (नियमावली,निर्देशिका, मापदण्ड, कार्यविधि आदि) भए कार्यपालिकाबाट स्वीकृत भए पश्चात नगर प्रमुखद्वारा प्रमाणीकरण गरी राजपत्रमा प्रकाशन गरिनेछ।

(३) उपदफा (१) बमोजिम कार्यपालिकाबाट पारित गरी सभामा पेश भएका कानूनहरु स्वीकृत भए पश्चात नगर प्रमुखद्वारा प्रमाणीकरण गरी राजपत्रमा प्रकाशन गरिनेछ।

### २.८. कानून संशोधन सम्बन्धी कार्यविधिः

(१) कुनै कानून विशेष आवश्यकता वा कारणवश संशोधन गर्नु पर्ने भएमा सोको संक्षिप्त अवधारणापत्र तयार गरी नगर कार्यपालिकाबाट सैद्धान्तिक सहमति लिई दफा २.३ बमोजिमको मस्यौदा समितिबाट मस्यौदा तयारी गर्ने, विधायन समितिबाट सिफारिस गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ। यसरी पेश भएको संशोधन मस्यौदा कार्यपालिकाबाट स्वीकृत हुने प्रकृतिको भए सोही बमोजिम र सभाबाट स्वीकृत हुने प्रकृतिको भए सोही बमोजिम स्वीकृति, प्रमाणीकरण गरी राजपत्रमा प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम संशोधन मस्यौदा तयार गर्दा अनूसुची-२ बमोजिमको तीन महले विवरण समेत तयार गर्नु पर्नेछ।

## परिच्छेद ३
## विधेयक मस्यौदा तयारी प्रक्रिया

### ३.१ विधेयकको संरचना

कुनै पनि विधेयकको मस्यौदा लेखनको कार्य प्रारम्भ गर्नु अघि त्यस्तो विधेयक तर्जुमा सम्बन्धमा तयार पारिएको नीति, अवधारणापत्र, विधेयक तर्जुमा गर्नु पर्ने कारण वा समस्याको पहिचान र समाधानका विकल्पको बारेमा विचार गर्नु पर्ने हुन्छ। यसको साथै विधेयकमा रहने विषयवस्तुको बारेमा जानकारी लिने समेतको आधारमा विधेयकको मस्यौदाको योजना तयार गर्नु पर्दछ। त्यस्तो योजना तयार गर्दा विधेयकको विषय वस्तु अनुसार फरक फरक हुन सक्छ। विधेयकमा समावेश गर्नु पर्ने विषयवस्तुको अनुमान पछि विधेयकको संरचनाको बारेमा विचार गर्नु पर्छ। विधेयकलाई आवश्यकता अनुसार भाग, परिच्छेद, दफा उपदफा, खण्ड उपखण्ड र अनुसूचीको संरचनामा विकास गर्न सकिन्छ।

अ. **विधेयकको भाग तथा परिच्छेद :**

विधेयकको भाग वा परिच्छेदमा विभाजन गर्नुको अभिप्राय विधेयकलाई सरल तथा प्रष्ट रुपमा व्यवस्था गर्नु मानिन्छ। भाग वा परिच्छेदको व्यवस्थाले व्यक्तिले पनि आफूले हेर्न जान्न चाहेको विधेयकको कुनै विषयको व्यवस्थाको बारेमा सहज रुपमा हेर्न र जान्नको लागि सहयोग पुग्दछ। प्रत्येक भाग वा परिच्छेदको शीर्षक प्रष्ट र सो भाग वा परिच्छेदले व्यवस्था गरेको विषयवस्तुको सम्बोधन गर्ने गरी राख्नु पर्छ। विषयगत आधारमा भाग वा परिच्छेदको विभाजन गर्दा उक्त भाग वा परिच्छेदमा उल्लेख गरिएको मूल विषयवस्तुको मर्मलाई समेटी थोरै शब्दको प्रयोग गरी त्यस्ता भाग र परिच्छेदको शीर्षकको नामाकरण गर्नु पर्छ।

विधेयकको विषयवस्तु फरक फरक प्रकृतिको र धेरै लामो भएमा प्रकृति अनुसार भागमा विभाजन गर्न सकिन्छ। संहिताकृत विधेयक वा एक भन्दा बढी प्रकृतिको कानूनी विषयमा एकै विधेयकबाट व्यवस्था गर्नु पर्ने अवस्थामा बाहेक विधेयक मस्यौदा गर्दा भागमा वर्गिकरण गरी मस्यौदा गर्नु पर्ने अवस्था कमैमात्र पर्दछ। यसरी भागमा विभाजन गरेपछि कुनै एक विषयका विषयवस्तुलाई एकै भागमा समावेश वा समेट्नु पर्दछ।

विधेयकको मस्यौदा गर्दा अधिकांश विषय एकै प्रकृतिको कानूनी विषयमा व्यवस्था गर्नु पर्ने र भागमा विभाजन गर्नु नपर्ने प्रकृतिका पाइन्छन्। यस्तो अवस्थामा मस्यौदा तयार गर्दा विधेयकका परिच्छेदमा विभाजन गरी तयार गर्नुपर्ने हुन्छ। यसरी परिच्छेदमा विभाजन गरी मस्यौदा तयार गर्दाको अवस्थामा पनि परिच्छेदको शीर्षकगत रुपमा तयार गरी त्यस्तो शीर्षक अन्तर्गत पर्ने विषयहरु जति सबै सोही परिच्छेदमा समावेश गरिएको हुनुपर्छ। पाठकले परिच्छेदको शीर्षक पढेपछि त्यसले समेट्ने विषयको बारेमा अनुमान गर्न सक्ने हुनुपर्छ र त्यस अन्तर्गत पर्ने सबै विषय सोही परिच्छेदमा पाउने गरी मस्यौदा गर्न सक्नुपर्दछ।

यसरी परिच्छेदको व्यवस्था गर्दा पहिलो परिच्छेद प्रारम्भिक परिच्छेद राखिन्छ र त्यस अन्तर्गत संक्षिप्त नाम र प्रारम्भ, परिभाषा राख्ने गरिन्छ। त्यसै गरी कुनै पनि परिच्छेदको शीर्षक अन्तर्गत नपर्ने विषय वा सबै परिच्छेदको व्यवस्थासँग आकर्षिक हुने विषयलाई विधेयकको अन्तिम परिच्छेदमा विविध शीर्षक अन्तर्गत राख्ने गरिन्छ। विविध शीर्षकमा सामान्यता सबै परिच्छेदसँग

सम्बन्ध राख्ने अधिकार प्रत्यायोजन, वार्षिक प्रतिवेदन पेश गर्ने, नियम निर्देशिका बनाउने, अनुसूची हेरफेर गर्ने, सहयोग गर्नुपर्ने जस्ता विधेयकको प्रकृति अनुसार त्यसतै प्रकृतिका व्यवस्था समावेश गरिनेछ।

विधेयकको विषय वस्तु छोटो भएको अवस्थामा मस्यौदा गर्दा परिच्छेदमा पनि विभाजन गर्न आवश्यक नपर्न सक्छ। कतिपृष्ठ वा कति दफासम्मको विधेयक भएमा परिच्छेद विभाजन गर्ने र कति सम्म भएमा त्यस्तो विभाजन गर्नुनपर्ने भन्ने विषयमा स्पष्ट मापदण्ड वा तर्जुमाको नियम विकास भएको पाईदैन। यो अध्ययन तथा तर्जुमा सहजताको र विधेयकको व्यवस्था जान्न चाहनेको सुविधाको लागि हो। त्यसैले विधेयक तर्जुमा गर्दा उपयुक्तताको आधारमा भाग, परिच्छेद वा दफागत रुपमा व्यवस्था गर्नुपर्छ। सामान्यतया दश पन्ध्र वटा मात्रै दफा भएको वा चार पाँच पृष्ठको विषय भएको विधेयकको हकमा परिच्छेद विभाजन नगरी दफागत रुपमा व्यवस्था गरी मस्यौदा तयार गर्न सकिन्छ। जस्तैः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (सुदुर पश्चिम प्रदेश)

## आ. विधेयकको दफा वा उपदफा

विधेयकको मस्यौदा गर्दा भाग, परिच्छेदको रुपमा वर्गिकरण गरेपनि वा नगरेपनि विधेयकका व्यवस्थालाई प्रत्येक दफा दफामा विभाजन गरी मस्यौदा गर्नुपर्ने हुन्छ। कुनै दफाले व्यवस्था गरेको विषयसँग मिल्ने गरी दफाको उपयुक्त शीर्षक राख्नुपर्छ। दफा शीर्षकलाई पहिले पहिले Marginal Note को रुपमा पनि उल्लेख गर्ने गरिन्थ्यो। दफाले व्यवस्था गर्न खोजेको सार दफा शीर्षकमा राखिन्छ। दफा शीर्षक व्याकरणका हिसावले पूर्ण हुनुपर्छ भन्ने छैन तर दफाले गर्न खोजेको व्यवस्था दफाको शीर्षक पढेपछि थाहा पाउने हुनुपर्छ। दफा शीर्षक संक्षिप्त र प्रष्ट हुनु पर्छ। एउटा दफामा एक विषयको व्यवस्था गर्नु पर्छ र अर्को विषयको लागि अर्को दफा सृजना गर्नु पर्छ । दफाले गर्न खोजेको व्यवस्था त्यस्तो दफाको शीर्षक पढ्दा थाहा पाउने गरी दफा र दफाको शीर्षक निर्धारण गर्नुपर्छ। दफाको शीर्षक राख्दा एकै विधेयकमा एक भन्दा बढी दफाको शीर्षक उउटै हुने गरी राख्नु हुँदैन। कुनै अवस्थामा एक भन्दा बढी दफाको शीर्षक एकै हुने अवस्थामा फरक फरक हुने गरी दफा शीर्षक निर्धारण गर्नुपर्छ।

दफाको शीर्षक दिएपछि त्यस अर्न्तगत रहने विषयवस्तुहरु विभिन्न उपदफाहरुमा विभाजन गरी मस्यौदा गर्न सकिन्छ । दफाको मूल भावना भन्दा बाहिर जानेगरी उपदफामा व्यवस्था राख्नु हुँदैन । त्यस्तो अवस्थामा अर्को दफाको सृजना गरी त्यस्तो व्यवस्था समावेश गर्नुपर्छ। कुनै विषयवस्तु विभिन्न उपदफाहरुमा विभाजन गर्ने प्रकृतिको नभई एउटै उपदफामा उल्लेख गर्न सकिने प्रकृतिको छ भने उपदफाको नम्बर राखिदैन र त्यस्तो उपदफा अर्न्तगत विवरण दिनु पर्ने अवस्था भएमा विभिन्न खण्डमा विभाजन गरी त्यस्तो विवरण दिन सकिन्छ ।

दफा अर्न्तगतका व्यवस्थाहरुलाई विभिन्न उपदफाहरुमा उल्लेख गर्न सकिन्छ । एउटा उपदफामा एक विषयमा मात्र उल्लेख गर्नु पर्ने मान्यता रही आएको छ । दफा अर्न्तगतका उपदफाको व्यवस्था गर्दा विषयको सिलसिलेवार तथा क्रमबद्धता अनुरुप व्यवस्था गर्नु पर्छ । उपदफा अर्न्तगत पनि विषयवस्तु अनुसार विवरण दिनु पर्ने अवस्थामा खण्ड खण्ड गरेर मस्यौदा गर्न सकिन्छ ।

विधेयकको दफा वा उपदफा अर्न्तगत खण्ड रहने गरी मस्यौदा गर्ने गरिन्छ । दफा अर्न्तगत एक भन्दा बढी उपदफा नरहने अवस्थामा उपदफाको क्रमसंख्या राख्नु पर्दैन । त्यस्तो उपदफा अर्न्तगत विभिन्न विषयलाई खण्ड खण्डमा उल्लेख गर्नु आवश्यक परेमा त्यस्तो व्यवस्था गर्ने गरी मस्यौदा तयार गर्न सकिन्छ । त्यसै गरी एक भन्दा बढी उपदफा हुने अवस्थामा उपदफाको नम्बर सहित उल्लेख गर्ने गरिन्छ । उपदफा अर्न्तगत कुनै खण्ड रहने अवस्थामा क्रमगत रुपमा त्यस्ता खण्डको व्यवस्था सहित मस्यौदा तयार गर्नु पर्छ । विधेयकको खण्ड अर्न्तगत पनि कुनै विषयलाई क्रमगत रुपमा राख्नु पर्ने अवस्थामा उपखण्डमा राख्ने गरी प्रस्ताव गर्न सकिन्छ ।

यसरी दफा उपदफा खण्ड तथा उपखण्ड र त्यसपछि आउने व्यवस्थालाई तर्जुमाको संरचना र रुपमा लेख्नु पर्दा देहाय बमोजिम लेख्ने गर्नु पर्छ :

**१. दफा शीर्षक (१) उपदफा–........................**

(२) उपदफा

(क) खण्ड

(ख) खण्ड

(१) उपखण्ड

(२) उपखण्ड

(अ) उपखण्ड पछि आउने व्यवस्था

(आ) उपखण्ड पछि आउने व्यवस्था ........

**जस्तै : आयकर ऐन, २०५८**

१. **सम्पत्ति र दायित्वहरु बापतको खर्च र खुद खर्च :** (१) यस ऐनको अधीनमा रही कुनै व्यक्तिको सम्पत्ति वा दायित्व बापतको खर्चहरुमा देहायका खर्चहरु समावेश हुनेछन्:-

(क) कुनै सम्पत्तिको सम्बन्धमा देहायका रकमहरु लगायत सो सम्पत्ति प्राप्त गर्दा सो व्यक्तिबाट गरिएका खर्चहरुः

(१) सो सम्पत्तिको निर्माण वा उत्पादन गर्दा लागेको सम्बन्धित खर्च, र

(२) त्यस्तो सम्पत्ति प्राप्त भएको कारणले त्यस्तो व्यक्तिको आय गणना गर्दा समावेश गरिनु पर्ने कुनै रकम ।

(ख) सो सम्पत्ति वा दायित्वको परिवर्तन, सुधार र मर्मत संभार गर्दा लागेको खर्च लगायत सो सम्पत्ति वा दायित्वको स्वामित्व लिंदा निजबाट गरिएको खर्च र सम्पत्तिको सम्बन्धमा सो सम्पत्तिको मर्मत संभार गर्दा लागेको खर्च,

(ग) सो सम्पत्ति वा दायित्वको निसर्ग गर्दा निजबाट गरिएको खर्च, र

(घ) सो सम्पत्ति प्राप्त गर्दा वा दायित्व वहन गर्दा र त्यस्तो सम्पत्ति वा दायित्व निसर्ग गर्दा निजबाट गरिएका आकस्मिक खर्चहरु | तर यस्तो खर्चमा दफा २१ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमका खर्चहरु र आय निर्धारण गर्दा कट्टी गर्न सकिने हदसम्मका खर्चहरु समावेश गनु पर्ने छैन ।

(२) कुनै खास समयमा कुनै सम्पत्ति वा दायित्व बापतका खुद खर्चहरु सो समयमा सो

सम्पत्ति वा दायित्व बापतका सबै आम्दानीहरुको योग भन्दा सो सम्पत्ति वा दायित्व बापतको सबै खर्चहरुको योग बढी भएजतिको रकमहरु मानी गणना गर्नु पर्नेछ ।

(३) परिच्छेद - ६ र ७ मा उल्लिखित आय गणना गर्दा कट्टी गरिने खर्च रकमलाई कुनै सम्पत्ति वा दायित्व बापतको खर्च रकमको सन्दर्भमा भए सरह मानी उपदफा (१) बमोजिमका खर्चहरुका सम्बन्धमा लागू हुने छन् तर उल्लिखित व्यवस्थाको सम्बन्धमा दफा २६ लागू हुने छैन

**१. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४**

**प्रस्तावना** : मुलुकमा प्रचलित देवानी कानून, देवानी कार्यविधि कानून तथा फौजदारी कानून, फौजदारी कार्यविधि कानूनसँग सम्बन्धित व्यवस्थाहरूलाई संशोधन र एकीकरण गरी संहिताबद्ध बनाइएका छुट्टा छुट्टै मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिताको • व्यवस्था अनुरुप हुने गरी प्रचलित नेपाल कानूनमा संशोधन, एकीकरण, समायोजन र खारेज गर्न वाञ्छनीय भएकोले,

**२. केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३**

**प्रस्तावना** : समय समयमा विभिन्न अध्यादेशद्धारा संशोधन वा खारेज गरिएका केही नेपाल ऐनका व्यवस्थालाई जगाई परिवर्तित सन्दर्भमा साविककै व्यवस्था कायम गर्न वान्छनिय भएकाले,

**३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२**

**प्रस्तावना** : प्रचलित नेपाल ऐनमा नेपालको संविधानसँग तादात्म्यता नरहेका व्यवस्था र अन्य केही विषयहरुमा समेत समसामयिक सुधार गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

**४. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) (पहिलो संशोधन) ऐन, २०७२**

**प्रस्तावना** : मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

## परिच्छेद-४
## राजपत्र तर्जुमा प्रक्रिया र प्रकाशन

**४.१ राजपत्रमा प्रकाशनः** (१) यस दिग्दर्शन बमोजिम तर्जुमा गरिएका ऐन, नियमावली, कार्यविधि, मापदण्ड आदि अनिवार्य रुपमा बेसीशहर नगरपालिकाको राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) राजपत्रमा प्रकाशन गर्ने सम्बन्धी प्रक्रिया बेसीशहर नगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुनेछ।

**४.२ संशोधन वा बाधा/अड्काउः** (१) कुनै विषयमा बाधा/अड्काउ भएमा कार्यपालिका बैठक मार्फत छलफल गरी फुकाउन सकिनेछ।

**४.३ बाझिएमा अमान्य हुनेः** (१) कुनै पनि ऐन/कानून/कार्यविधि/निर्देशिका संघ, प्रदेश र स्थानीय ऐन सँग प्रतिकूत भएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची -१

## नयाँ कानून बनाउने सम्बन्धमा सैद्धान्तिक सहमति माग गर्ने अवधारणा पत्रको ढाँचा

१. नयाँ कानून बनाउनुपर्ने आवश्यकता:

  क. संवैधानिक कारण

  ख. अन्तराष्ट्रिय दायित्व

  ग. सरकारको नीति तथा कार्यक्रम

  घ. अन्य कुनै कारण

२. अदालतको आदेश:

३. नयाँ ऐन बनाइ कार्यान्वयन भए पश्चात हासिक गरिने उपलब्धि:

४. प्रस्तावित विषयमा मौजुदा कानून भए:

  क. ऐनको नाम

  ख. नियमावलीको नाम

  ग. गठन आदेशको नाम

५. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारण

६. प्रस्तुत विषयमा संघ/प्रदेश तथा छिमेकी स्थानीय तहमा कुनै कानून बनेको वा कुनै निकायले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम:

७. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन वा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा:

८. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमती लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको:

९. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु:

## अनुसूची -२
## (कानूनको संशोधन गर्दा संशोधनको मस्यौदा सँगै तयार गर्नुपर्न तीन महले विवरणको ढाँचा)

### (संशोधन विधेयकको लामो नाम राख्ने) ............. बनेको कानूनको तीन महले विवरण

| क्र. सं. | परिच्छेद | दफा | उपदफा | मौजुदा व्यवस्था | संशोधित/थप व्यवस्था | संशोधन गर्नु पर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |